**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 272-286**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69465**

# समाख्याताको पहिचानगत आधार

**The Identity Basis of Literacy**

**[1]डा. यादवराज उपाध्याय**
**Yadav Raj Upahaya, PhD**

[1]Associate Professor, Central Department of Economics, Tribhuvan University, Nepal
*[(Email: yrupadhyay27@gmail.com) ORCID: https://orcid.org/0009-0003-8682-9601]*

**Article History:** Received 3 jan. 2024; Reviewed 7 Feb. 2024; Revised 14 April 2024; Accepted 9 May 2024.

**Copyright:** This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0 International License.

## Abstract

*Samakhyanshastra is the science of analyzing Samakhyan, a new theory of literary and non-literary analysis developed after the advent of anthology analysis, modern linguistics, post-structuralism, and narrative analysis. It encompasses unitary aspects such as the narrator, environment, and participants (characters). Samakhya refers to the sender, presenter, or reader personality prepared by the author, who presents the Samakhyan as the speaker or role-player. In the narrative world, the active addressee is the person or agent managing the Samakhyan coherently, giving it a solid shape. Editors, based on their roles, can be omniscient, neutral, integrative, etc. Samakhitas are categorized as open or closed based on self-presentation and as reliable or unreliable from the perspective of credibility. Narratives are classified as external or internal based on their relationship with the story. The narrator may remain detached or attached, depending on their character affiliation. The study of Samakhyan and Samakhyanshastra, along with the introduction and types of Samakhyan, are explored under sub-headings. Thus, its central focus is the introduction and categorization of journalism.*

***Keywords:*** *Samakhyanshastra, narrative analysis, literary and non-literary analysis, narrator, samakhya, editor roles.*

## शोधसार

*कथात्मक सन्दर्भ समाख्यान सम्बन्धी अध्ययन विश्लेषण गर्ने शास्त्र नै समाख्यानशास्त्र हो । यो सङ्कथन विश्लेषण, आधुनिक भाषाविज्ञान, उत्तर संरचनावाद, आख्यान विश्लेषणको विकास पश्चात् विकसित साहित्यिक, गैर साहित्यिक समाख्यानको सूक्ष्म ढङ्गले अनुशीलन गर्ने नवीन सिद्धान्त हो । यस अन्तर्गत समाख्याता, समाख्यान, परिवेश, सहभागी ( चरित्र) आदि एकाइगत पक्षहरू पर्दछन् । समाख्यान प्रस्तुत गर्ने संवाहक, वक्ता, भूमिका खेल्ने निरूपित लेखकद्वारा तयार गरिएको प्रेषक, प्रस्तोता वा वाचक व्यक्तित्व नै समाख्याता हो । समाख्यान संसारमा क्रियाशील सम्बोधक व्यक्तित्व, अभिकर्ता; कुशल सर्वज्ञ समाख्याता (Narrator) ले समाख्यानलाई सङ्गतिपूर्ण ढङ्गले व्यवस्थापन गरी ठोस आकार प्रदान गर्दछ । समाख्यानभित्र समाख्याताले खेल्ने भूमिकाका आधारमा समाख्याता सम्पादकीय सर्वज्ञ, तटस्थ सर्वज्ञ, संयोजनकारी आदि प्रकृतिका हुन्छन् । स्वप्रस्तुतिका आधारमा समाख्याता खुला र बन्द स्वभावका हुन्छन् । विश्वसनीयताका कोणबाट समाख्याता विश्वसनीय र अविश्वसनीय किसिमका हुन्छन् । कथा सम्बद्धताका आधारमा समाख्याता बहिर्निष्ठ र अन्तर्निष्ठ अवस्थामा हुन्छन् । पात्र सम्बद्धताका आधारमा समाख्याता असंलगन रहने र संलग्न रहने हुन्छन् । समाख्यान र*

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 272-286**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69465**

*समाख्यानशास्त्र, समाख्याताको परिचय र समाख्याताको प्रकार उपशीर्षकहरूमा फैलिएको यस शोधन आलेख यही विषय क्षेत्रमा सीमाबद्ध बनेको छ । अतः यसको केन्द्रीय विषय समाख्याताको परिचय र प्रकार नै हो ।*

***शब्दकुञ्जि:*** *समाख्यानशास्त्र, समाख्यान, समाख्याता, कथा सम्बद्धता र पात्र सम्बद्धता ।*

## विषय प्रवेश

कथात्मक विमर्श समाख्यानमा समाख्यान व्यक्त गर्ने प्रेषक, वाचक, वक्ता तथा प्रस्तुतकर्ता संवाहकलाई नै समाख्याता भनिन्छ । समाख्याता विना समाख्यान हुनै नसक्ने भएकाले यो समाख्यानको अनिवार्य घटक हो । समाख्यानमा प्रयुक्त समाख्याताको अवस्था र प्रकार, समाख्यानको समग्र परिवेश, चरित्र वा सहभागीको भूमिका तथा कार्य प्रक्रिया, समाख्याताले जोड दिएको सन्दशेमूलक केन्द्रीय कथन/विचार वाच्यत्व, समयगत सूचना काल व्यवस्था आदि आधारमा समाख्यानबारे वस्तुनिष्ठ व्यवस्थित ढङ्गले सूक्ष्मताका साथ अध्ययन विश्लेषण गर्ने शास्त्र वा सिद्धान्त नै समाख्यानशास्त्र हो । निरूपित लेखकले समाख्यान भन्नका लागि जिम्मा लगाएको सम्प्रेषक वक्ता चरित्र, समाख्यान संसारमा क्रियाशील रहने कुशल, सर्वज्ञ वाचक व्यक्तित्व नै समाख्याता हो । समाख्याताले समाख्यानमा पृष्ठभूमि, पूर्वपश्च सन्दर्भबारे जानकारी दिने, घटनाक्रमलाई कथानकीय ढाँचा प्रदान गर्ने, प्रस्तुति र विषयवस्तुमा सङ्गति मिलाउने, सहभागीलाई क्रियाशील गराउने, समाख्यानका संरचक घटकहरूलाई संयुक्तिपूर्ण ढङ्गले व्यवस्थित गर्दछ । समाख्याता भूमिकाका आधारमा सम्पादकीय सर्वज्ञ, तटस्थ सर्वज्ञ, द्रष्टा, संयोजनकारी आदि हुन्छन् । स्वप्रस्तुतिका आधारमा खुला र बन्द; विश्वसनीयताका आधारमा विश्वसनीय र अविश्वसनीय हुन्छन् । कथा सम्बद्धताका आधारमा समाख्याता बहिर्निष्ठ र अन्तर्निष्ठ हुन्छन् । पात्र सम्बद्धताका आधारमा समाख्याता असंलग्न र संलग्न हुन्छन् । संलग्न समाख्याता पनि स्वकथनात्मक र परकथनात्मक हुन्छन् । यसबारे तल मूल भागमा खुलस्त विश्लेषण गरिएको छ । यस शोधन आलेखमा मूलतः समाख्यान र समाख्यानशास्त्र, समाख्याताको परिचय, समाख्याताको प्रकार र निष्कर्ष उपशीर्षकहरू छन् । यहाँ समाख्यानशास्त्रको केन्द्र समाख्यानमा हुने वक्ता व्यक्तित्व समाख्याताका बारेमा स्पष्ट परिचय दिँदै विभिन्न आधारमा प्रकार उपप्रकारहरूबारे क्रमशः खोजी गरिन्छ ।

## समस्याकथन र उद्देश्य

समाख्यानको महत्त्वपूर्ण पक्ष वा घटक समाख्याताका बारेमा नेपाली भाषामा खासै काम हुन सकेको छैन । समाख्याता को हो ? समाख्यानमा समाख्याताको अवस्था तथा भूमिका के कस्तो हुन्छ ? समाख्याता वर्गीकरणका आधारहरू के के हुन् ? समाख्याता कस्ता कस्ता प्रकारका हुन्छन् ? भन्ने सवाल वा प्रश्नहरू नै यस शोधन आलेखका समस्याहरू हुन् ।

- समाख्यानमा समाख्याता भन्नाले कसलाई बुझाउँछ ? यसको अवस्था, भूमिका तथा कार्य के कस्तो हुन्छ ?
- समाख्याता कस्ता कस्ता हुन्छन् ?

माथि प्रस्तुत समस्याकथनसँग सम्बद्ध सवालका जवाफहरूमा केन्द्रित रही समाख्याताको परिचय गराउँदै समाख्यानमा समाख्याताको उपस्थिति, अवस्था, भूमिका, कार्य प्रक्रियाबारे खोज विश्लेषण गर्नु र विभिन्न आधारमा समाख्याताको प्रकारबारे अनुशीलन विश्लेषण गरी निर्धारण गर्नु नै यस शोधन आलेखका उद्देश्यहरू हुन् ।

- समाख्याताको परिचय सहित अवस्था, कार्य प्रक्रियबारे खोजी गर्नु र
- समाख्याताको प्रकारबारे अनुशीलन विश्लेषण गरी निर्धारण गर्नु ।

## अध्ययन विधि क्षेत्र तथा सीमा

शोधकार्यका निश्चित उद्देश्यहरू पूरा गर्नका लागि गरिने समग्र अध्ययन प्रक्रिया, सामग्री सङ्कलन विधि र सैद्धान्तिक ढाँचाको समष्टिगत स्वरूप रूपरेखा नै अध्ययन विधि हो । यस शोधन आलेख तयार गर्नका लागि पुस्तकालयलाई नै आधार बनाइएको छ । समाख्यानशास्त्रसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, विद्वान्हरूको टिपोटबाट नै प्राथमिक स्रोत र द्वितीय

**Vol. 5, No. 2, July 2024. Pages: 272-286**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69465**

स्रोतका सामग्री सङ्कलन गरी प्रयोग गरिएको छ । सैद्धान्तिक ढाँचा अन्तर्गत समाख्यानशास्त्रका मूल्य मान्यता, विश्लेषण पद्धतिलाई आधार बनाइएको छ । यस शास्त्रका नियममा आधारित रही समाख्याताको परिचय र प्रकारबारे खोजी निर्धारण गरिएको छ ।

यस शोधन आलेखको क्षेत्र समाख्यानशास्त्रको पृष्ठाधार समाख्यान र समाख्यानशास्त्रको चिनारी, समाख्याताको परिचय र प्रकार नै हो । समाख्याताका बारेमा प्रायोगिक सन्दर्भ प्रस्तुत नगर्नु, समाख्यातासँग सम्बद्ध लेखक, निरूपित लेखक, पाठक, निरूपित पाठक आदिका बारेमा सापेक्षित विश्लेषण नगर्नु, सामग्री सङ्कलनमा सीमितता हुनु, थप सूक्ष्मता हुन नसक्नु यसका सीमितताहरू हुन् ।

## समाख्यान र समाख्यानशास्त्र

### समाख्यान

समाख्यान शब्दको शाब्दिक अर्थ व्यवस्थित ढङ्गले गरिएको वर्णन हुन्छ । अझै यस शब्दमा भन्दा बखान गर्नु, वर्णन गर्नु, विवरण पेस गर्नु, बयान तथा चर्चा विवेचना गर्नु, भन्नु, बताउनु, अवगत गराउनु जस्ता व्याख्या विश्लेषणको अर्थ बोध गराउने भावात्मक सन्दर्भलाई बुझाउँछ । समाख्यानशास्त्रमा समाख्यान शब्दको प्रयोग विशिष्ट अर्थमा गरिएको पाइन्छ । 'सम्' + 'आख्यान' मिली बनेको 'समाख्यान' शब्दले आख्यानको विशिष्टता, विशेष आख्यान; भनिएको बनाइएको कथात्मकता युक्त सङ्कथनलाई बुझाउँछ । कथात्मकता नै समाख्यानको मूल प्रवृत्ति हो । परम्परागत रूपमा आख्यानले कथा, उपन्यास जस्ता साहित्यिक विधा विशेषलाई मात्र बुझाउँछ । कथात्मकता वा आख्यानात्मकता चाहिँ कथानक प्रयोगका सन्दर्भमा खण्डकाव्य, महाकाव्य, नाटक, एकाङ्की आदि विधामा पनि कलात्मक रूपमा प्रयोग गरिएको हुन्छ । दुई वा दुई भन्दा बढी घटनाको कार्यकारण सम्बन्ध सहित प्रस्तुत गरिने साहित्यिक वर्णन विशेषलाई बुझाउने आख्यानले साहित्यिक सन्दर्भलाई बुझाउँछ भने समाख्यानले उपन्यास, कथा, नाटक, फिलिम, प्रहसन, खण्डकाव्य, महाकाव्य, तस्बिर आदि कथात्मक सङ्कथनलाई बुझाउँछ । सामान्यतः आख्यान र समाख्यानलाई समान अर्थमा प्रयोग गरिए पनि समाख्यान शब्दले व्यापक अर्थ समेटेको हुन्छ । अर्को शब्दमा आख्यान साहित्यिक हुन्छ भने समाख्यान साहित्यिक र गैर साहित्यिक दुबै हुन्छ । समाख्यान वा न्यारेटिभ्स भनेको कथा प्रस्तुत गर्ने कुनै पाठ, तस्बिर, संवाद वा यी सबैको समष्टि रूप भएको आख्यानात्मक रचना हो । अतः लघु कथा, कथा, उपन्यास, नाटक, फिलिम, प्रहसन, कथात्मकतायुक्त लामो कविता, खण्डकाव्य, महाकाव्य आदि सबै समाख्यान हुन् (देवीप्रसाद गौतमको टिपोटबाट) । समाख्यानभित्र परम्परागत रूपमा बुझिने आख्यान समेटिन्छ तर आख्यानभित्र समाख्यान समेटिँदैन । नेत्र एटमले **सङ्क्षिप्त साहित्यिक शब्दकोश**मा आख्यान बारे भनेका छन्- 'यथार्थ, इतिहास, मिथक, रागात्मक सौन्दर्य र स्वैरकल्पनाबाट विषयवस्तु लिए पनि तथ्यभन्दा कल्पना प्रयोग गरी लेखिएको कथा वा लेखकद्वारा बनाइएको कथा आख्यानमा कथा भन्नका लागि कथयिता अनिवार्य आएको हुन्छ र यसमा कथानक, चरित्र, परिवेश आदि तत्त्वहरूको संयोजन रहन्छ । साहित्यमा लघुकथा, कथा, लघु उपन्यास र उपन्यास आख्यानमा पर्दछन् भने लोककथा, अनुभूति, नीतिकथा, मिथक, परीकथा आदि पनि आख्यान नै हुन्' (एटम, २०७४ : ४२) । यस्तै एटमले समाख्यानबारे यसै कृतिमा भनेका छन्- 'स्थानिक र समयगत घटनाका तथ्यहरूलाई कार्य कारण शृङ्खलामा राखेर व्यवस्थापन गर्ने तरिका समाख्यान हो । यसका घटकहरूको प्रकृतिअनुसार आदि, मध्य र अन्त्यको मेल भई एउटा साकार रूप लिएका हुन्छन् । यसमा संवाद, वर्णन, टिप्पणी आदि समावेश गरिएको हुन्छ । समाख्यानलाई कथयिता र काल्पनिक सम्बोधित पात्रले जोडेका हुन्छन् । कथा, उपन्यास,प्रबन्ध काव्य, नियात्रा, आत्मकथा आदिमा समाख्यानको उपयोग हुन्छ' (पूर्ववत्, २०७४ : २५०) । यसरी नै मोहनराज शर्माले **समकालीन समालोचना सिद्धान्त र प्रयोग** कृतिमा आख्यानलाई समाख्यानकै पर्यायका रूपमा चयन गर्दै भनेका छन्- 'एक अर्काका पूर्वधारणा वा अनुक्रम नभई आएका कम्तीमा दुई वटा यथार्थ वा कल्पित घटना वा स्थितिहरूको कालक्रमिक प्रतिनिधित्वलाई आख्यान भन्दछन्' (शर्मा, २०५५ : ३२३) ।

माथि प्रस्तुत आख्यान तथा समाख्यानसम्बन्धी विचार विमर्शलाई मनन गरी समाख्यानबारे स्पष्ट दृष्टिकोण बनाउन आवश्यक देखिन्छ । समाख्यान कार्य कारण घटना शृङ्खला भएको कथात्मक सङ्कथन हो । यस अन्तर्गत कथ्य, लेख्य र दृश्य सामग्रीहरू पनि पर्दछन् । कथात्मक साहित्यिक विधा आख्यानका साथै कथात्मकताले बनेका चित्र, चलचित्र, संवाद, महाकाव्य, खण्डकाव्य, नाटक, प्रहसन, बहस, सम्भाषण, लोक विमर्श आदि सङ्कथनका विविध भेद उपभेदहरू पनि

समाख्यान अन्तर्गत पर्दछन् । समाख्यानले कथात्मकतायुक्त घटनाक्रमहरूको अभिव्यक्ति भएको समग्र विमर्श बुझाउँछ । अतः कथात्मक सङ्कथन वा विमर्श नै समाख्यान हो । स्वरूपगत आधारमा समाख्यान कथ्य, लेख्य र दृश्य गरी तिन प्रकारको हुन्छन् । साहित्यिकताका आधारमा साहित्यिक र गैर साहित्यिक हुन्छन् । समाख्यानशास्त्रमा यही समाख्यानको आन्तरिक र बाह्य संरचनाका साथै समाख्यान सम्बन्धी समग्र वा सम्पूर्णतामा व्यवस्थित ढङ्गबाट अध्ययन विश्लेषण गरिएको हुन्छ । समाख्यानशास्त्रको केन्द्रीय आधार सामग्री नै समाख्यान हो । यहाँ समाख्यानशास्त्र सम्बन्धी सङ्क्षिप्त जानकारी आवश्यक हुन्छ ।

## समाख्यानशास्त्र

समाख्यानशास्त्र पाश्चात्य साहित्य परम्परामा सन् १९६० पछि विकसित नवीन तथा मौलिक विश्लेषण सिद्धान्त हो । आधुनिक भाषा विज्ञान, रूपपरक समालोचना, संरचनावाद, उत्तरसंरचनावाद, सङ्कथन विश्लेषण, समाजशास्त्र, मानवशास्त्र आदि ज्ञान विज्ञानका क्षेत्रमा भएका महत्त्वपूर्ण प्राप्तिले यसको विकासमा पृष्ठभूमिगत वैचारिक आधार निर्माण भएको देखिन्छ । रुसी रूपवाद, नवसमालोचना र फ्रान्सेली संरचनावाद हुँदै समग्र युरोपेली संरचनावादमा साहित्यिक भाषालाई केन्द्रीकृत गरी व्यवस्थित ढङ्गले विश्लेषण गर्ने कार्य प्रक्रियामा व्यापकता देखा पर्‍यो । भ्लादिमिर प्रोपले रुसी लोककथाको संरचनात्मक कोणबाट गहन विश्लेषण प्रस्तुत गरे । क्लड लेभाइ स्ट्राउसले मिथ विश्लेषण सम्बन्धी स्पष्ट आधारहरू अघि सारे । रोलाँ बार्थको आख्यानात्मक सङ्कथन विश्लेषण र ग्रिमासको आख्यान व्याकरणसम्बन्धी मान्यता अझै सशक्त रूपमा देखा परे । मितान तोदोरोवले आख्यान विश्लेषण सम्बन्धी संश्लेषित र मौलिक दृष्टिकोण पेस गरे । आख्यान सम्बन्धी, काव्य भाषा सम्बन्धी यी र यस्तै कार्य, अध्ययन विश्लेषण नै समाख्यानशास्त्रका सैद्धान्तिक पृष्ठ आधारहरू हुन् ।

दुई वा दुईभन्दा बढी घटनाक्रमको तार्किक प्रयोग भएको सङ्गतियुक्त कथात्मक पाठ सामग्री समाख्यानको समाख्याता, परिवेश, सहभागी तथा चरित्र, वाच्यत्व, सङ्केन्द्रण आदि बहुआयामिक पक्षबाट चर्चा विवेचना गर्ने विश्लेषण सिद्धान्तलाई नै समाख्यानशास्त्र भनिन्छ । छोटकरीमा समाख्यानको व्यवस्थित ढङ्गले विश्लेषण गर्ने शास्त्र विशेष नै समाख्यानशास्त्र हो । समाख्यान कथनका विभिन्न अङ्गहरूका आपसी सम्बन्धहरूलाई प्राज्ञिक ढङ्गबाट समाख्यानशास्त्रमा विश्लेषण गरिन्छ । यसमा समाख्यान, कथयिता र श्रोताका बिचमा सम्बन्ध स्थापित गर्न प्रयुक्त हुने स्वर, शैली, क्रियाका काल तथा सर्वनाम, सङ्कथनका सङ्केत र स्तर, तिनको विविधता, कथयिताको बाह्य र आन्तरिक ज्ञान, सक्रियता आदिको महत्त्व रहन्छ (एटम, २०७४ : २५०) । समाख्यानशास्त्रलाई आख्यानशास्त्र पनि भनिन्छ । मोहनराज शर्माले आख्यानशास्त्रले आख्यानको व्यवस्थित अध्ययन गर्ने हुँदा यसलाई आख्यानको व्याकरण भनेका छन् (ढकाल, २०७० : क) । आख्यानशास्त्र समाख्यान र त्यसको संरचनाको सिद्धान्त हो; त्यसको अध्ययन हो; समाख्यान मानवीय अवबोधलाई प्रभावित पार्ने प्रक्रियाको खोजी समेत हो ( पूर्ववत्) । आख्यानको सैद्धान्तिक अवधारणाको व्याख्या गर्ने समाख्यानशास्त्र (न्यारेटोलोजी) मा आख्यानात्मक संरचना सिद्धान्तको व्याख्या हुन्छ । यसमा कुनै कथ्य, लेख्य वा दृश्य संरचनाको वर्णनात्मक ढाँचा पहिल्याउनुका साथै आख्यानको प्रकार्य तथा सम्बन्धको निरूण कसरी भएको छ भन्ने कुरामा ध्यान दिइन्छ ( देवीप्रसाद गौतमको टिपोटबाट) । समाख्यानशास्त्र आख्यानात्मक वा कथात्मक सङ्कथनको विश्लेषणमा नयाँ उचाइ हासिल गर्दै अघि बढेको छ । यो आख्यान विश्लेषणमा केन्द्रित संरचनावादी विश्लेषणको विकसित रूप हो । हाल साहित्यका क्षेत्रमा पाठ विश्लेषणको नवीनतम मान्यता र ढाँचाका रूपमा यसले पाश्चात्य साहित्य परम्परामा अन्यका तुलनामा बढी नै स्थान पाएको छ । यसको मुख्य प्रायोगिक पक्ष भाषा विज्ञानमा विकसित कर्पस लिङ्ग्विस्टिक (Corpus Linguistics) सँग सम्बन्धित छ (ढकाल, २०७० : १) । यो परम्परागत रूपमा आख्यानको साहित्यशास्त्रीय मान्यताका आधारमा विश्लेषण गर्ने शास्त्र चाहिँ होइन । यो प्रत्येक आख्यानात्मक पाठको संरचक घटकहरूलाई आधार बनाएर नवीनतम ढङ्गले विश्लेषण गर्ने शास्त्र हो । यस अन्तर्गत आख्यान तत्त्व प्रबल भएका कथा, उपन्यास, खण्डकाव्य, महाकाव्य आदि साहित्यिक विधाका साथै चलचित्र, प्रहसन, संवाद, तस्बिर आदि पक्षहरू पनि पर्दछन् । सबै प्रकृतिका आख्यान वा समाख्यानलाई विश्लेषण गर्ने हुनाले समाख्यानशास्त्र आख्यानात्मक संरचनाको सिद्धान्त हो । पाश्चात्य साहित्य परम्परामा विकसित विषयकेन्द्री, रूपकेन्द्री, वाद वा सिद्धान्तकेन्द्री विभिन्न समालोचना परम्पराकै निरन्तरतामा आख्यानशास्त्रको नवक्षितिज उघार्दै समाख्यानशास्त्र देखा पर्‍यो । कथात्मक तत्त्वले युक्त आख्यानको घटनाक्रम वा कथावस्तु, कथानक, परिवेश, चरित्र आदिका बारेमा अध्ययन विश्लेषण गर्ने आख्यानशास्त्रको उठान र विकास एरिस्टोटलदेखि नै हुँदै आएको हो । पछिल्लो चरणमा भाषा विज्ञान र समालोचनाका

**Vol. 5, No. 2, July 2024. Pages: 272-286**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69465**

क्षेत्रमा विकास भएको संरचनावादका कारण आख्यानशास्त्र समाख्यानशास्त्रका रूपमा नवीन मौलिक दृष्टिकोणसहित विकसित भयो । अत: आख्यानशास्त्रले साहित्यको कथा, उपन्यास आदि कथात्मक विधाको विश्लेषण गर्ने सीमित परम्परागत अर्थ बुझाउँछ भने समाख्यानशास्त्रले साहित्य र साहित्येतर जुनसुकै कथात्मक तत्त्वले युक्त सङ्कथन सामग्रीको विश्लेषण गर्ने व्यापक अर्थ बुझाउँछ । कतिपय अवस्थामा आख्यानशास्त्र र समाख्यानशास्त्रलाई पर्यायका रूपमा पनि प्रयोग गरिएको पाइन्छ । समाख्यानशास्त्र विभिन्न क्षेत्रमा प्रयोग हुने आख्यान भाष्य (सङ्कथन) का आधारमा भिन्न भिन्न प्रकारका हुन्छन् । मनोविश्लेषणात्मक समाख्यानशास्त्र, इतिहास विज्ञानपरक समाख्यानशास्त्र, कानुनी समाख्यानशास्त्र, नारीवादी समाख्यानशास्त्र, लैङ्गिक अध्ययन समाख्यानशास्त्र, सङ्ज्ञानात्मक समाख्यानशास्त्र, सांस्कृतिक अध्ययन समाख्यानशास्त्र, आलङ्कारिक समाख्यानशास्त्र, राजनीतिक समाख्यानशास्त्र आदि समाख्यानशास्त्रका शाखाहरू हुन् । यस क्षेत्रमा विशेष योगदान दिने विद्वान्हरूमा क्लाउड लेभी स्ट्राउस, रोलाँ बार्थ, तोदोरोभ, ग्राइम्स, जेनेट च्याटम्यान, कोहन, स्टेनवर्ग, प्रिन्स, स्ट्यान्जाल, बल डी. हर्म्यान आदि पर्दछन् । समाख्यानशास्त्र अन्तर्गत समाख्यान, समाख्याता, सहभागी निरूपित लेखक, निरूपित पाठक, वाच्यत्व, सङ्केन्द्रण, स्थान, काल, समाख्यानात्मक तह, सञ्चरण, समाख्यानात्मक संसार कथनीयता आदि पर्दछन् । यहाँ समाख्याताका बारेमा स्पष्ट हुनु आवश्यक हुन्छ ।

## समाख्याताको परिचय

समाख्यानशास्त्रमा अध्ययन विश्लेषण गरिने विभिन्न पक्ष वा घटकहरूमध्ये समाख्याता महत्त्वपूर्ण घटक हो । समाख्यानलाई लक्षित वर्ग प्रापक, पाठक, श्रोतासम्म पुऱ्याउनका लागि प्रस्तुतकर्ता, प्रेषक, विशेष लेखक वा वक्ताका रूपमा समाख्याताले विशिष्ट कार्य गरेको हुन्छ । कथात्मक घटनाक्रमको शृङखला युक्त कथ्य, लेख्य र दृश्य विमर्शमा हुने वाचक, वक्ता वा प्रस्तुतकर्ता नै समाख्याता हो । समाख्यानशास्त्रमा समाख्याताबारे गहन ढङ्गले खोजी विश्लेषण गरिएको छ ।

समाख्याता समाख्यान प्रस्तुत गर्ने माध्यम हो; समाख्यान वाचक हो; सम्प्रेषणक हो; समाख्यान पेस गर्ने उद्घोषक हो । समाख्यानभित्र समाख्याता प्रस्तोता, वितरक, वाचक, नेतृत्वकर्ता, सम्बोधक हो । समाख्याता समाख्यानको आन्तरिक व्यवस्थापक पनि हो । सामान्य अर्थमा समाख्याताले आख्याताकै अर्थ भन्ने, कथ्ने, कहने, व्याख्या गर्ने, वर्णन गर्ने, प्रतिपादक, विवेचक, उद्घोषक, व्याख्यानकर्ता, कथयितालाई बुझाउँछ । कुनै कथा, घटना, सन्दर्भ आदि समाख्यानलाई राम्ररी व्याख्या वा वर्णन गर्नेवाला व्याख्याता नै समाख्याता हो । अङ्ग्रेजीमा न्यारेटर (Narrator) भनिने समाख्याता समाख्यानको वाचक वा प्रस्तुत कर्ता हो । अझै समाख्याताले श्रोता वा पाठक सामु राम्ररी समाख्यान प्रस्तुत गर्ने व्याख्यातालाई बुझाउँछ ।

समाख्यानमा समाख्याताको महत्त्वपूर्ण स्थान हुन्छ । समाख्याताविना समाख्यान बन्दैन । श्रोता वा पाठकलाई सुनाउने समाख्यातालाई दाता वा प्रेषक पनि भनिन्छ । भाषिक सञ्चारमा 'म' र 'तिमी' बिचको सम्पर्क जस्तै समाख्याता र श्रोता/पाठकको अवस्था रहन्छ । समाख्यानमा सम्बोधक समाख्याताको उपस्थिति प्रत्यक्ष तथा अनिवार्य नै हुन्छ । समाख्यानमा समाख्याताले कथ्य उपस्थापन गर्ने, रोकिने, तथ्यहरूको स्मरण गर्ने र सम्बोधितलाई बताउने गर्दछ । प्रेषक समाख्याता समाख्यानमा समग्र विषयसन्दर्भ वा तथ्यको ज्ञाताका रूपमा रहेको हुन्छ (गौतम, २०७१ : १) ।

समाख्यानकारद्वारा सिर्जित समाख्यानकेन्द्री विशिष्ट सम्बोधक व्यक्तित्व नै समाख्याता हो । समाख्याता/समाख्यान उद्घोषक वाचकका साथै समाख्यान व्यवस्थापक निर्देशक पनि हो । सामान्य अर्थमा समाख्याता लेखक हो । समाख्यानशास्त्रमा लेखक र समाख्याता एउटै नभएर फरक घटकका रूपमा विश्लेषण गरिएको छ । समाख्यान सापेक्ष लेखकभित्रको प्रायोगिक लेखक/विशिष्ट लेखक निरूपित वा निर्मित लेखक (इम्पलाइड अथर) द्वारा तयार गरिएको विशेष प्रस्तुतकर्ता नै समाख्याता हो । बाहिरी संसारबाट आवश्यक समाख्यान सामग्री लिई समाख्यान तयार गर्ने निरूपित लेखकले समाख्याता मार्फत समाख्यानलाई मौलिक, विशिष्ट, विश्वसनीय, सार्थक बनाउने सचेत प्रयास गरेको हुन्छ । समाख्यानमा समाख्याता सक्रिय कर्ता, सञ्चालकका रूपमा रहेको हुन्छ । आदि, मध्य र अन्त्यको क्रम शृङ्खलामा वा चक्रीय शृङ्खलामा समाख्यानलाई गतिशीलता प्रदान गर्ने संवाहकका रूपमा समाख्यानमा समाख्याता रहेको हुन्छ । समाख्याता निरूपित लेखकले समाख्यान भन्नाका लागि जिम्मा लगाएको सम्प्रेषक चरित्र हो; लेखकीय जिम्मेवारी वहन गर्ने कुनै निश्चित समाख्यान संसारमा क्रियाशील रहने कुशल, सर्वज्ञ विशिष्ट वाचक व्यक्तित्व हो । निश्चित समाख्यानको लेखक, निरूपित लेखक भित्रको विशेष लेखकीय व्यक्तित्व नै समाख्याता हो । समाख्यानमा समाख्याता निरूपित लेखकको वाहक बनेर रहेको हुन्छ । पृष्ठभूमि

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 272-286**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69465**

निर्माण गर्ने, पूर्वसन्दर्भबारे जानकारी दिने, पश्चसन्दर्भबारे सङ्केत गर्ने, चयन गरिएका घटथनाक्रम वा कथावस्तुलाई कथानकीय ढाँचामा प्रस्तुत गर्ने, प्रस्तुतिगत र विषयगत संयुक्ति कायम गर्ने, सहभागी (चरित्र) तथा सम्बोधितलाई जीवन्त रूपमा उभ्याउँदै सन्तुलित ढङ्गले भूमिका निर्वाह गर्न लगाउने आदि कार्य सम्पादन समाख्याताले नै गर्दछ । समाख्याताले समाख्यानमा संवाद, भाषाशैली, उद्देश्य, अन्तर्वस्तु र रूप, स्थान, काल, संरचना सङ्केन्द्रण आदि पक्षहरूलाई सङ्गतिपूर्ण ढङ्गले व्यवस्थापन गर्दै ठोस आकार प्रदान गरेको हुन्छ ।

कथाको वाचनकर्ता वा वर्णनकर्ताका रूपमा उपस्थित हुने सम्पूर्ण समाख्यानात्मक पाठको प्रस्तुति गर्ने समाख्याताले पाठभित्र वा पाठबाहिर बसेर आफ्नो वा अरूको कथा भनिरहेको हुन्छ (गौतम, २०७१ : १) । यसै सन्दर्भमा ल्याभोबले समाख्याताका बारेमा भनेका छन्- 'समाख्याताले समाख्यानमा अभिकर्ताको भूमिका निर्वाह गर्ने सम्बोधितसित सम्बन्ध स्थापित गरेर चरित्र, घटना र स्थितिको उद्घाटन गर्दै समाख्यान प्रस्तुत गर्दछ । आवश्यकता अनुसार समाख्यानको उद्देश्य, समाख्यानबाट प्राप्त शिक्षाको बचावट पनि गर्दछ (श्रेष्ठ, २०७४ : १६ बाट उद्धृत) । समाख्यानमा समाख्याता सर्वज्ञाता, सर्वव्यापी र सर्वद्रष्टाका रूपमा रहन्छ । समाख्याता चरित्रभित्र घुस्ने, पात्रहरूमा के के भएको छ थाहा पाउने, पात्रभन्दा बाहिर पनि डुल्ने, एकपल्टमा एकभन्दा बढी पात्रमा नडुल्ने, आवश्यकता अनुसार एउटामा डुल्ने अनि अर्कोमा डुल्ने गर्दछ । विशिष्ट अवस्थामा पात्रमा मात्रै सीमित हुने समाख्याता सर्वदर्शी नभई सीमित दर्शी हुन पनि सक्तछ । समाख्याता र पात्र (चरित्र) वस्तुतः कागजी विषय मात्रै हुन् (गौतम, २०७१ : १-२) । समाख्यानशास्त्रमा लेखक, निरूपित लेखक, समाख्याता र चरित्र (पात्र) का बारेमा गम्भीर विचार विमर्श गरिएको छ । यस सन्दर्भमा समाख्यानशास्त्रका यी महत्त्वपूर्ण घटक वा पक्षहरूका बारेमा थप स्पष्टता आवश्यक हुन्छ ।

लेखकले समग्रतामा समाख्यान तथा कृति सिर्जना गर्दछ । लेख रचना तयार गर्ने सिङ्गो लेखकीय व्यक्ति विशेषलाई नै लेखक भनिन्छ । लेखन पेसासँग सम्बद्ध व्यक्तित्व नै लेखक हो । एउटा लेखकबाट बहु सिर्जना हुन सक्तछन् । लेखकको ज्ञान, चेतना, विचार, रुचि, अनुभव, अनुभूति, कला सौन्दर्य सहितको रचनात्मक प्रक्रियाबाट कृति तयार हुन्छ । यसमा आवश्यकता, सामाजिक सांस्कृतिक परिवेशको महत्त्वपूर्ण भूमिका रहन्छ । लेखन पेसामा प्रवृत्त लेखकले आफ्ना कृतिहरूमा वास्तविक जीवनभन्दा फरक, विशिष्ट, निर्मित लेखकीय व्यक्तित्व तयार गरेको हुन्छ । जसरी कृषक व्यक्तित्व फलफूल उत्पादन, मौरी पालन, खेतीपाती आदिमा फरक फरक विशिष्ट हुन्छ त्यसरी नै लेखकमा पनि कृति अनुसार आदर्शीकृत, विशिष्ट, निर्मित लेखकीय व्यक्तित्व देखिन्छ । निर्मित लेखकीय व्यक्तित्वलाई प्रायोगिक वा निरूपित लेखक पनि भनिन्छ । कुनै पनि समाख्यान वा कृतिमा प्रयोग भएको विशिष्ट लेखकीय व्यक्तित्व नै निरूपित लेखक हो । लेखकको विचार, चेतना, इच्छा, आकाङ्क्षा, ज्ञान, अनुभव आदि पक्षहरू समाख्यानमा निरूपित लेखकले विभिन्न विकल्पहरूबाट सम्भावना युक्त उचित छनोट गर्दछ । त्यसैले निरूपित लेखकलाई लेखकको दोस्रो व्यक्तित्व पनि भनिन्छ (गौतम, २०७१ : ४) । निरूपित लेखकमा वास्तविक लेखकमा भएको मूल्य, मान्यता, संस्कार, संस्कृति, समाज, राजनीति, व्यक्तिगत परिवेश आदिको गम्भीर नियोजित प्रभाव परेकै हुन्छ । निरूपित लेखक एउटै लेखकका फरक फरक कृतिमा भिन्न, मौलिक, विशिष्ट प्रकृतिको हुन्छन् । माधव घिमिरेका दुई कृति गौरी र राष्ट्रनिर्माताका निरूपित लेखकहरू फरक हुन्; एउटै होइनन् । लेखक वा वास्तविक लेखक व्यक्ति लेखक हो । कृतिको लेखक र व्यक्ति लेखक फरक कुरा हो । समाख्यान वा कृतिमा व्यक्ति लेखक भित्रको विशेष नियोजित, निर्मित वा निरूपित लेखक मात्रै व्यक्त हुन्छ । सजावट विनाकी सरल युवती र उही पर्दामा देखिएकी आकर्षक, प्रभावी, कामुक नायिका फरक भए जस्तै वास्तविक लेखक र निरूपित लेखक फरक फरक पक्ष हो । निरूपित लेखक कृतिभित्रको लेखक हो । कृतिमा लेखकीय भूमिका खेल्ने विशेष स्रष्टा व्यक्तित्व बनेर रहेको लेखक नै निरूपित लेखक हो । निरूपित लेखकको संसार सम्बद्ध कृतिभित्र मात्रै हुन्छ । यस्तो लेखकलाई वास्तविक लेखकले योजनाबद्ध ढङ्गले निर्माण गरेको हुन्छ । अतः निरूपित लेखक वास्तविक लेखकको एउटा विशिष्ट आयाम हो । निरूपित लेखकले लेखन क्रममा समाख्यान वा कृति भित्र वक्ता/वाचक/सम्प्रेषकका रूपमा समाख्याता चयन गर्दछ । समाख्याताले समाख्यान भित्र लाभक, जिज्ञासु श्रोता, मौन तथा तटस्थ श्रोता, प्रापक, ग्रहणकर्ता, दर्शक, भोक्ता, सक्रिय, निष्क्रिय र वर्णित पात्र, आरोपित पाठक वा निरूपित पाठक, सम्बोधितलाई लक्षित गर्दै समाख्यान विमर्श पेस गरेको हुन्छ । जसरी मनोवादमा वाचकले कसैलाई मनको कुरा सुनाइ रहेको हुन्छ त्यसरी नै समाख्यानमा समाख्याताले समाख्यान सामग्री सम्बोधित वा निरूपित पाठक/श्रोतालाई बताइरहेको हुन्छ । प्रचार सामग्री (विज्ञापन, सूचना आदि) मा प्रचारक, प्रचार सामग्री र लक्षित वर्ग भए जस्तै समाख्यानमा पनि समाख्याता, समाख्यान र सम्बोधितको विशेष स्थान वा भूमिका रहन्छ ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 272-286**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69465**

समाख्याताले समाख्यान प्रस्तुत गर्दा सामुन्ने तथा नेपथ्यमा सम्बोधितका रूपमा निरूपति पाठक/श्रोता रहेको हुन्छ । समाख्यानमा लक्षित व्यक्ति, वर्ग, प्रवृत्ति, चरित्र (पात्र) आदि मानवीय पक्षहरू सम्बोधित हुन् । विशिष्ट अवस्थामा मानवेतर सन्दर्भ वा वस्तु पनि मानवीय संवेदनायुक्त बनेर समाख्यानमा सम्बोधितकै रूपमा आउन सक्छन् । सम्बोधक वा समाख्याताले सम्बोधन गरेका चरित्रहरू, पात्रका रूपमा नआएका तर समाख्यानमा उल्लेख गरिएका व्यक्ति, वर्ग र समाख्यानमा सम्बोधन नगरिएका तर परिकल्पित श्रोता/पाठकका रूपमा रहेका लक्षित समूह पनि सम्बोधित नै हुन् । सम्बोधित अन्तर्गत पात्र र गैर पात्र दुबै आउन सक्छन् (गौतम, २०७१ : ४) । समाख्याताबाट प्रस्तुत समाख्यान सुन्ने, सुनाउनु पर्ने, मानवीय भाव अनुभूति संवेदनायुक्त वस्तु, चरित्र, पात्र तथा प्रवृत्ति नै सम्बोधित हो । समाख्यानमा समाख्याता एउटा पक्ष वा ध्रुव हो भने सम्बोधित अर्को ध्रुव हो । सम्बोधित वैयक्तिक पनि हुन सक्छ । प्रायः सम्बोधित निर्वैयक्तिक प्रतिनिधिमूलक स्वभावको हुन्छ । समाख्याताले सम्बोधितलाई सुनाउँदै वा लक्षित गर्दै आम पाठक वर्गलाई कुनै विशिष्ट विषय सन्दर्भ वा विचार सम्प्रेषण गरिरहेको हुन्छ । समाख्यानमा समाख्याताले सोभै अप्रत्यक्ष, व्यङ्ग्यात्मक आदि तरिकाबाट सम्बोधितलाई सम्बोधन गरेको हुन्छ । समाख्याताले सम्बोधितलाई क्रियाशील गराउन, सूचना दिन, प्रशंसा वा निन्दा गर्न, विचार चेतना भर्न, अनुभव अनुभूति जीवन दर्शन बोध गराउन आवश्यक प्रयत्न गरेको हुन्छ ।

समाख्यानमा चरित्र वा पात्रको प्रयोग हुन्छ । चरित्रले समाख्यानमा विशिष्ट मौलिक पहिचान सहित महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसले समाख्यानभित्रको कथा क्रमलाई जीवन्तता तथा गतिशीलता प्रदान गरेको हुन्छ । लेखकद्वारा सिर्जित भए पनि चरित्र समाख्यानको घटना सन्दर्भमा स्वाभाविक रूपमा आफूलाई जिम्मा लगाएको कार्य सम्पादनमा सक्रिय रहन्छ । समाख्याता चरित्र वा पात्रहरूको समग्र क्रियाकलाप, चिनारी, अवस्थिति आदिको चित्रण गर्दै वर्णन विवरण क्रमशः प्रस्तुत गर्दछ । चरित्र वा पात्रहरू मानिस र मानिसभन्दा भिन्न पनि हुन्छन् । मानिसभन्दा भिन्न चरित्रमा पनि मानवीय स्वभाव, गुण अनुभव, अनुभूति, संवेदना, सोच विचार, कल्पना, सम्भावना आदि भरिएको हुन्छ । कतिपय अवस्थामा मानवीकरण पनि गरिन्छ । पात्र वा चरित्र लिङ्गका आधारमा पुरुष, स्त्री, तेस्रो लिङ्गी, कार्यका आधारमा प्रमुख, सहायक र गौण; प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल; स्वभावका आधारमा गतिशील र गतिहीन; जीवन चेतनाका आधारमा वर्गीय र व्यक्तिगत; आसन्नताका आधारमा नेपथ्य र मञ्चीय; आबद्धताका आधारमा बद्ध र मुक्त हुन्छन् (शर्मा, २०५५ : ४२५) । यस्तै पात्र वा चरित्र समाजको वास्तविक संसारलाई प्रतिनिधित्व गर्ने यथार्थ र उच्च आकाङ्क्षा बोकेको 'यस्तो हुनुपर्छ' भन्ने सन्देश दिने आदर्श हुन्छन् । चरित्र मनको कुरा सहजै व्यक्त नगर्ने अन्तर्मुखी र मनको कुरा अरूलाई भनि हाल्ने स्वभावका हुन्छन् । चरित्र गोला, च्याप्टा, सर्वाभौम, आञ्चलिक आदि स्वभावका हुन्छन् (बराल र एटम, २०५८ : ३१) । समाख्याताले चरित्रको प्रत्यक्ष अप्रत्यक्ष चित्रण गर्ने तथा चरित्रको अवस्थिति हैसियत, क्षमता आदि बारे अवगत गराउँछ । पात्र वा चरित्रकै क्रियाशीलतामा नै समाख्यानले गति प्राप्त गर्दछ । समाख्यानमा पात्र वा चरित्रले आवश्यक कार्य व्यापार तथा संवाद गर्दछ । चरित्रले समाख्यानमा विशेष भूमिका तथा जिम्मेवारी निर्वाह गर्दै विशिष्ट खालको प्रतिनिधित्व गरेको हुन्छ । कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव र मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । उपन्यास (समाख्यान) को चरित्र निर्मित हुन्छ तर पनि त्यसले सांसारिक जीवनको बाह्य एवम् आन्तरिक प्रवृत्तिहरूको मूल स्वरूपलाई पक्रिएको हुन्छ उपन्यास (समाख्यान) लाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी पात्रको हुन्छ' (बराल र एटम, २०५८ : ३०) । जसरी वाक्यमा नामिक पदहरूले निश्चित कारकीय भूमिका खेलेका हुन्छन् त्यसरी नै समाख्यानमा पात्र वा चरित्रले पनि विशिष्ट कारकीय भूमिका खेलेका हुन्छन् । समाख्यानमा अभिकर्ताको भूमिकामा चाहिँ समाख्याता नै रहन्छ । कथा (समाख्यान) मा चरित्रहरू कर्ताका रूपमा (घटनाका प्रेरक), पीडित वा असर भोग गर्ने पात्रका रूपमा (घटना वा कार्यप्रति तटस्थ रहने), लाभक (कुनै घटनाले सङ्केत गर्ने कार्यको वहन कर्ता), द्रष्टाका रूपमा, भोक्ताका रूपमा वा स्वैच्छिक रूपमा कुनै कार्य गर्ने सञ्चालन गर्ने व्यक्तिका रूपमा रहेको हुन्छ (देवीप्रसाद गौतमको टिपोटबाट) । 'म', 'हामी' जस्ता पात्रहरू प्रयोग भएको अवस्थामा समाख्याता र पात्र एउटै जस्तो लागे पनि एउटै होइन । पात्रले कार्य व्यापार र संवाद गर्दछ भने समाख्याताले समग्र समाख्यानको अवगत गराउँदछ ।


समाख्यानका लेखक समाख्यानकारलाई लेखक तथा निरूपित लेखक पनि भनिन्छ । सामान्यतः निरूपित लेखक र समाख्यातालाई एउटै रूपमा देख्ने गरिन्छ । यो भ्रमपूर्ण बुझाइ हो । समाख्यानशास्त्रमा यसबारे सूक्ष्म ढङ्गले विश्लेषण गर्दै सैद्धान्तिक आधारहरू प्रस्तुत गरिएको छ । समाख्याता समाख्यानमा निरूपित लेखकको वक्ता वा वाचक व्यक्तित्व हो । समाख्यानमा विशिष्ट अवस्थामा लेखक र प्रेषक समाख्याता बिच निकटता देखिए पनि एउटै होइन भन्ने कुरामा स्पष्ट हुनै

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 272-286**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69465**

पर्दछ । समाख्यानात्मक पाठको समाख्याता लेखक भन्दा फरक हो । पुरुष लेखकले लेखेको समाख्यानको समाख्याता स्त्री हुन सक्ने र स्त्री लेखकले लेखेको समाख्यानको समाख्याता पुरुष हुन सक्ने हुन्छ (गौतम, २०७१ : २) । समाख्यानमा प्रयोग हुने 'म', 'त्यो' जस्ता सङ्केतहरू भिन्न स्थिति मात्रै हुन् लेखकको रूप होइनन् । यी व्याकरणात्मक सर्वनामका भिन्न सङ्केतन वैयक्तिक (म) र अवैयक्तिक (त्यो, ऊ.... ) मात्रै हुन् । यस्तै लेखकको जीवन दर्शन तथा निजी व्यक्तित्व र समाख्याताको जीवन दर्शन तथा वक्ता निजत्व कहिलेकाहीँ समान भए पनि फरक हुन पनि सक्छ (गौतम, २०७१ : ३) । यसर्थ एउटा वर्ग, क्षेत्र, लिङ्ग, वचन, पुरुष, जाति, सम्प्रदाय, समूहको लेखक समाख्यानमा निरूपित लेखक हुँदै समाख्याताका रूपमा अर्कै वर्ग क्षेत्र, लिङ्ग, जाति, सम्प्रदाय, समूहको बनेर पनि प्रस्तुत हुन सक्तछ । यात्रा साहित्य, नियात्रा, निबन्ध, संस्मरण, मनोवाद, दैनिकी, जीवनी, आत्मवृत्तान्त आदि समाख्यानमा लेखक र समाख्याता ज्यादै निकट हुन्छन् । यी लेखककेन्द्री समाख्यानमा पनि विशिष्ट रूपमा विषय तथा घटना सन्दर्भ प्रस्तुत गर्ने व्यक्तित्वका रूपमा समाख्याता आएकै हुन्छ ।

समाख्यानमा लेखक, निरूपित लेखक, समाख्याता र पात्र वक्ता/प्रेषक वर्ग अन्तर्गत पर्दछन् । यस्तै श्रोता/पाठक, निरूपित पाठक, सम्बोधित पात्र/सहभागी प्रापक वर्ग हुन् । यस किसिमको समाख्यानको अवस्थालाई समाख्यान ध्रुवीयता मान्न सकिन्छ । समाख्यान विमर्शको वक्ता/प्रेषक वर्ग एक ध्रुव हो भने पाठक/प्रापक वर्ग अर्को ध्रुव हो । वास्तविक लेखक वा लेखक र वास्तविक पाठक वा पाठक समाख्यानभन्दा बाहिर रहन्छन् । निरूपित लेखक र निरूपित पाठक समाख्यानमा नै रहन्छन् तर व्यञ्जित रूपमा/ आन्तरिक सञ्चारका रूपमा रहन्छन् । समाख्याता र सम्बोधित अप्रत्यक्ष कथात्मक सञ्चार गर्दै देखिन्छन् । पात्र वा सहभागीहरू कथात्मक कार्य व्यापारमा सक्रिय हुन्छन् । संवादात्मक विमर्श सहित क्रियात्मक रूपमा भूमिका खेल्दछन् । चित्रात्मक रूपमा समाख्यान ध्रुवीयतालाई देखाउँदै तल क्रमशः समाख्याताको प्रकारबारे सङ्क्षेपमा विश्लेषण गरिएको छ ।

**समाख्यान ध्रुवीयता**




(च्याटम्यानको तालिकामा आधारित गौतम, २०७१ : ३) ।

## समाख्याताको प्रकार

समाख्यानको वक्ता वा प्रस्तोता समाख्यातालाई निश्चित वर्ग वा प्रकारमा सीमित गरेर अध्ययन विश्लेषण गर्ने कार्य वास्तवमै जटिल हुन्छ । आलङ्कारिक वा साहित्यिक लेखन जस्तै, प्रत्येक व्यक्तिमा अलग अलग व्यक्तित्व भए जस्तै सबै समाख्यातामा आफ्नै प्रकारका विशिष्ट पहिचानहरू हुन्छन् । लघुकथाको समाख्याता र कथा उपन्यासको समाख्याता भिन्न हुन्छन् । लोककथाको समाख्याता र पौराणिक कथाको समाख्याता फरक हुन्छन् । यात्राको वर्णन गर्ने, लडाइँको बयान गर्ने, पुराण वाचन गर्ने, राजनीति र इतिहासको कथा सन्दर्भ प्रस्तुत गर्ने, जीवनी तथा आत्मवृत्तान्त अवगत गराउने आदि विभिन्न क्षेत्र तथा विधासँग सम्बन्धित समाख्याताहरू आआफ्नै मौलिक विशेष प्रवृत्तिका कारण अरूबाट पृथक् हुन्छन् । लेखकीय उपस्थितिका आधारमा समाख्यानमा लेखक जुन वर्ग, क्षेत्र, लिङ्ग, पुरुष, जाति, सम्प्रदाय तथा समूहको छ त्यही रूपमा सोझै प्रस्तुत हुने सामान्य समाख्याता र त्यही रूपमा नभई भिन्न, कलात्मक तथा नाटकीय रूपमा प्रस्तुत हुने विशिष्ट समाख्याता हुन्छन् । सामान्य समाख्यातालाई प्रत्यक्ष समाख्याता र विशिष्ट समाख्यातालाई अप्रत्यक्ष समाख्याता पनि मान्न सकिन्छ । समाख्यानमा व्यक्त विषयवस्तु वा रुचि क्षेत्र र लेखकीय वैचारिक झुकावका आधारमा समाख्याताहरू भिन्न भिन्न हुन्छन् । प्रस्तुति शैलीगत केन्द्रीयताका आधारमा समाख्याता आत्मकेन्द्री, वस्तुकेन्द्री, हास्यव्यङ्ग्यकेन्द्री चरित्रकेन्द्री, विषयकेन्द्री, घटनाकेन्द्री, अवस्थिति वा निदर्शनकेन्द्री पनि हुन सक्तछन् ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 272-286**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69465**

समाख्यानशास्त्रमा मूलतः समाख्याताको भूमिका, स्वप्रस्तुति तथा विश्वसनीयताका आधारमा, कथा सम्बद्धताका आधारमा, पात्र सम्बद्धताका आधारमा, अध्ययन विश्लेषण, वर्गीकरण तथा प्रकार निर्धारण गरिएको छ ।

### भूमिकाका आधारमा

समाख्याताको अध्ययनमा नै केन्द्रित समाख्यानशास्त्री फ्रायडम्यानले समाख्याता पात्र भन्दा पुरै भिन्न हुने र आख्यानात्मक संसार भन्दा बाहिरै रहने कुरा बताएका छन् । उनले भूमिकाका आधारमा समाख्याता सम्पादकीय सर्वज्ञ, तटस्थ सर्वज्ञ, द्रष्टाका रूपमा रहने, नायकका रूपमा रहने, बहुमुखी चयनमूलक सर्वज्ञ चयनमूलक सर्वज्ञ, संयोजनकारी र क्यामेरा प्रभावी गरी आठ प्रकारका हुने अभिमत व्यक्त गरेका छन् (देवीप्रसाद गौतमको टिपोटबाट उद्धृत) । समाख्यानभन्दा बाहिर रहेर हस्तक्षेपी सर्वज्ञ बन्ने सम्पादकीय शैलीमा देखिने समाख्याता सम्पादकीय सर्वज्ञ समाख्याता हो । समाख्यानभन्दा पृथक् रहेर कुनै हस्तक्षेप नगरी पेस हुने समाख्याता तटस्थ सर्वज्ञ हो । सहायक चरित्रमा रहेर परिधीय द्रष्टाका रूपमा रही समाख्यान प्रस्तुत गर्ने समाख्याता नै द्रष्टा समाख्याता हो । समाख्यानमा आफूलाई नायककै भूमिकामा पेस गरी केन्द्रीय भूमिकामा रहने समाख्याता नायकका रूपमा रहने समाख्याता हो । समाख्यानात्मक घटना सन्दर्भ भन्दा बाहिरै रहेर विभिन्न आन्तरिक दृष्टिविन्दुको चयन र विशिष्ट स्थितिमा निश्चित आन्तरिक दृष्टिबिन्दु प्रयोग भएमा क्रमशः बहुमुखी चयनमूलक सर्वज्ञ र चयनमूलक सर्वज्ञ समाख्याता हुन्छ । आफ्नो विचार अनुभूति आदि प्रकट नगरी समाख्यान संसारभन्दा बाहिरै रहेर संयोजकको भूमिका खेल्ने समाख्याता नै संयोजनकारी समाख्याता हो । वर्णनात्मक तथा चित्रात्मक शैली अँगाली सचित्र प्रस्तुत गर्ने समाख्याता नै क्यामेरा प्रभावी समाख्याता हो (पूर्ववत्) ।

### स्वप्रस्तुतिका आधारमा

स्वप्रस्तुतिका आधारमा समाख्याता खुला र बन्द गरी दुई प्रकारका हुन्छन् । समाख्यानमा खुला समाख्याताले आफूलाई खुलस्त रूपमा प्रस्तुत गरी आफ्ना बारेमा निसङ्कोच जानकारी दिन्छ । आफ्ना आन्तरिक अनुभव, अनुभूति तथा सूचनाहरू अवगत गराउँछ । आफूलाई नै सन्दर्भ बनाउँछ । खुला समाख्याता आत्म प्रकाशन गर्न अभिप्रेरित हुन्छ । खुला समाख्याताले बढी प्रथम पुरुष प्रयोग गरे पनि आवश्यकता अनुसार अन्य पुरुषहरू पनि प्रयोग गर्न सक्तछ । समाख्यानमा बन्द समाख्याताले आफूलाई सङ्कुचित रूपमा प्रस्तुत गर्दछ । आफ्ना बारेमा होइन बाहिरी व्यक्ति, विषय, घटना सन्दर्भका बारेमा सूचना दिन्छ । आफूलाई केन्द्र बनाउँदैन, तटस्थ रूपमा देखिन्छ । आफ्ना बारेमा कम भन्दा कम सूचना दिने समाख्यान संसारभन्दा बाहिरै रहने बन्द समाख्यातामा अनुभूति, अनुरोध जस्ता पक्षहरूको न्यूनता रहन्छ । बन्द समाख्याता आत्म प्रकाशनमा होइन बाहिरी सांसरको चित्रणमा केन्द्रित हुन्छ । बन्द समाख्याताले प्रायः तृतीय पुरुषको ज्यादा प्रयोग गर्दछ ।

### विश्वसनीयताका आधारमा

विश्वसनीयताका आधारमा समाख्याता विश्वसनीय र अविश्वसनीय गरी दुई प्रकारका हुन्छन् । समाख्यानशास्त्री वाने बुथले यस सम्बन्धी महत्त्वपूर्ण कार्य गरे । उनका अनुसार विश्वसनीय समाख्याता भरोसायोग्य, विश्वासिलो, इमानदार हुन्छ । आरोपित वा निरूपित लेखकको मूल्य मान्यता अनुसार कार्य गर्दछ । यस्तो समाख्यातामा इन्द्रियजन्य अनुभव अनुभूति, मूल्याङ्कन, नैतिक चेतना आदि निरूपित लेखकको नजिक हुन्छ । यस्तो समाख्यातामा त्रुटि न्यून हुन्छ । निरूपित लेखकका विशेषता वा गुणलाई कार्यात्मक रूपमा नाटकीकरण गर्दै समाख्याता जीवन्त विश्वासिलो, पत्यार लाग्दो गरी उचित आधार सहित प्रस्तुत हुन्छ । यस्तै अविश्वसनीय समाख्याता भरोसा गर्न नसकिने, अविश्वासिलो छली हुन्छ । निरूपित लेखकको मूल्य मान्यताअनुसार कार्य गर्दैन । अविश्वसनीय खालको हुन्छ । यस्ता समाख्यातामा प्रशस्तै त्रुटि हुन्छन् । लेखकले अस्वीकार गरेका गुण प्रस्तुत गर्न समाख्याता उद्धत हुन्छ । समाख्याताका विशेषता वा गुणहरूलाई कार्यात्मक रूपमा नभई सोझै, खुला वा निर्देशात्मक ढाँचामा कलाविहीन ढङ्गले समाख्यानमा प्रस्तुत गरिएको हुन्छ (देवीप्रसाद गौतमको टिपोटबाट) ।

Vol. 5, No. 2, July 2024. Pages: 272-286
ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)
DOI: 10.3126/ijmss.v5i2.69465

### कथा सम्बद्धताका आधारमा

समाख्यानशास्त्रमा समाख्यान वा कथावस्तुसँग समाख्याताको हुने सम्बद्धतालाई विशेष आधार बनाई समाख्याताबारे अध्ययन विश्लेषण तथा प्रकार निर्धारण गरिएको छ । समाख्यान सम्बद्धताका आधारमा समाख्याता बहिर्निष्ठ र अन्तर्निष्ठ गरी दुई प्रकारका हुन्छन् । समाख्यान सम्बद्धतालाई कथा सम्बद्धता पनि भनिन्छ । यस आधारमा समाख्यान वा कथा संसारमा समाख्याताको सम्बन्ध वा आबद्धता के कस्तो छ ? खोजी गरिन्छ ।

### बहिर्निष्ठ समाख्याता

समाख्यानमा प्रस्तुत कथात्मक घटना सन्दर्भभन्दा माथि वा अप्रत्यक्ष रूपमा बाहिर बसेर अवगत गराउने समाख्याता नै बहिर्निष्ठ समाख्याता हो । बहिर्निष्ठ समाख्याता समाख्यानसँग सम्बद्ध रही तर अलग बसेर समाख्यान वा कथा संसार प्रस्तुत गर्दछ । समाख्यानमा जुन समाख्याताभन्दा माथि अर्को कुनै समाख्याता छैन वा हुँदैन त्यो माथिल्लो वा प्रथम तहको समाख्याता नै बहिर्निष्ठ हुन्छ । बहिर्निष्ठ समाख्याताका रूपमा प्रथम पुरुष 'म', 'हामी' र तृतीय पुरुष 'ऊ', 'त्यो', 'उनीहरू', नामपद आदि आउन सक्तछन् । यी वैयक्तिक वा अवैयक्तिक जुनसुकै नामिक पदसङ्केतन आए पनि बहिर्निष्ठ समाख्याता हुन्छन् । यी समाख्याता सबैभन्दा माथि हुन्छन्; आफै वर्णन गर्छन् अरूबाट वर्णित हुँदैनन् । बाहिरबाटै समग्र कथा संसार वा समाख्यान प्रस्तुत गर्ने, सिङ्गो समाख्यान उठान, विकास तथा विस्तार गर्दै समापन गर्ने समाख्याता नै बहिर्निष्ठ समाख्याता हो । चलचित्र छायाङ्कन गर्दा क्यामेरा पर्सनको भूमिका निकट समाख्यानमा बहिर्निष्ठ समाख्यातालाई बुझ्न सकिन्छ । एउटै समाख्यानभित्र एकभन्दा बढी आख्यान वा कथा संसार प्रयोग हुन सक्छ । अर्को शब्दमा समाख्यान अन्तर्गत कथाभित्रको कथा, पुनः कथा भित्रको कथाका रूपमा पहिलो तहको कथा संसार, दोस्रो तहको कथा संसार, तेस्रो तहको कथा संसार आदि आउन सक्छन् । यस्तो अवस्थामा पहिलो तहको कथा संसार भन्ने र अरू कथा संसारलाई संयोजन गर्ने समाख्याता नै बहिर्निष्ठ समाख्याता हो । बहिर्निष्ठ समाख्याताले नै समाख्यानमा भित्री कथा वा गर्भकथाका रूपमा आउने पहिलो तहका कथासँग सम्बन्धित दोस्रो, तेस्रो कथा समाविष्ट गरेको हुन्छ । बहिर्निष्ठ समाख्याताले बहिर्निष्ठ सम्बोधितलाई सम्बोधन गर्दछ । कहिलेकाहीँ सम्बोधितका रूपमा बहिर्निष्ठ समाख्याताले पाठकलाई नै पनि सम्बोधन गर्दछ (गौतम, २०७१ : ४) । अतः समाख्यान वा कथा संसारभन्दा बाहिरै रहेर सबैभन्दा माथि बसी समाख्यान व्यवस्थापन सहित वक्ता भूमिका निर्वाह गर्ने समाख्याता नै बहिर्निष्ठ समाख्याता हो ।

### अन्तर्निष्ठ समाख्याता

समाख्यान वा कथासंसार भित्रै बसेर कार्यात्मक भूमिका सहित कथा संसार प्रस्तुत गर्ने समाख्यातालाई अन्तर्निष्ठ समाख्याता भनिन्छ । अङ्ग्रेजीमा इन्ट्राडाइजेटिक न्यारेटर भनिने अन्तर्निष्ठ समाख्याता समाख्यान सन्दर्भमा नै पात्र वा चरित्रका रूपमा रहन्छ । समाख्यानमा कथा संसारका एक वा एकभन्दा बढी तहहरू हुन्छन् । एउटा मात्रै कथा संसार भएको समाख्यानमा बहिर्निष्ठ समाख्याता नै हुन्छ । दुई वा दुई भन्दा बढी कथा संसार भएको समाख्यानमा दोस्रो, तेस्रो तहमा आएका कथा संसारका वक्ता वा कथायिताहरू अन्तर्निष्ठ समाख्याता हुन् । अन्तर्निष्ठ समाख्याता समाख्यानमा पहिलो तहको समाख्याता वा बहिर्निष्ठ समाख्याताद्वारा समावेश गराइएको हुन्छ । यो बहिर्निष्ठ समाख्याता भन्दा तल रहन्छ । समाख्यानमा भित्री कथा संसारका समाख्याताहरू अन्तर्निष्ठ समाख्याताका रूपमा रहेका हुन्छन् । कुनै अर्को समाख्याताबाट प्रस्तुत दोस्रो स्तरको समाख्यानको कथायिता अन्तर्निष्ठ समाख्याता कथा भित्रको कथा भन्ने समाख्याता हो । रिमोन केननले यस्तो आन्तरिक अवस्थामा रहने समाख्यातालाई तहगत समाख्याता भनेकी छन् (गौतम, २०७१ : ७ बाट उद्धृत) । अन्तर्निष्ठ समाख्याता प्रथम पुरुष म, हामी र तृतीय पुरुष ऊ, त्यो, उनीहरू, नामपदका रूपमा समाख्यानका भित्री कथा संसारमा प्रयोग हुन सक्तछन् । कथा संसारमा कुनै समाख्याता आफैँ समाख्यान प्रस्तुत गर्दै छ; मुख्य वा प्रधान समाख्याताको भूमिका खेल्दै छ भने त्यो समाख्याता अन्तर्निष्ठ होइन बहिर्निष्ठ हुन्छ । जुन समाख्याता अरूबाट स्थापित गरिएको छ; जुन मुख्य समाख्याताको सहायक भूमिकामा रहेको छ । जुन बहिर्निष्ठ समाख्याता भन्दा एक तह मुनि रहेको हुन्छ ; जुन मुख्य समाख्याताबाट वर्णित हुन्छ ; जुन आन्तरिक कथा संसारमा कथाभित्रको एउटा कथा बताएपछि देखिँदैन त्यो समाख्याता

अन्तर्निष्ठ समाख्याता हो । अन्तर्निष्ठ समाख्याता समाख्येय संसार भित्र बसेको हुन्छ र ऊ आफूभन्दा माथि कुनै अर्को समाख्याताबाट वर्णित हुन्छ । कुनै समाख्याताबाट प्रस्तुत गरिएको पात्रले समाख्याताका रूपमा रहेर आफ्नो वा अरूको कथा भन्दछ भने त्यस्तो पात्र अन्तर्निष्ठ समाख्याता हुन्छ (गौतम, २०७१ : ६) । अतः बहिर्निष्ठ समाख्याताबाट उपस्थापन गरिने मुख्य समाख्याता नहुने पात्रको भूमिकामा रहने समाख्यान भित्रका कथाहरूमा दोस्रो, तेस्रो तहगत रूपमा रही वक्ता वा प्रेषकको भूमिका खेल्ने सिङ्गो समाख्यानमा नभई समाख्यान भित्रको कुनै कथा संसारमा देखिई अन्त्य हुने समाख्याता नै अन्तर्निष्ठ समाख्याता हो । यसले समाख्यानको अन्तर्यमा रही आवश्यकता अनुसार क्रियाशील वक्ता पात्रका रूपमा मूल समाख्याताको निर्देशन बमोजिम कार्य गर्दछ ।

### पात्र सम्बद्धताका आधारमा

समाख्याताका बारेमा अध्ययन विश्लेषण तथा वर्गीकरण गर्ने विभिन्न आधारहरू मध्ये पात्र सम्बद्धताको आधार महत्त्वपूर्ण मानिन्छ । समाख्यान प्रस्तुत गर्नेवाला प्रस्तोता वा प्रेषक समाख्याता समाख्यानमा पात्रका रूपमा सम्बद्ध नभईकन र सम्बद्ध भएर आएका हुन्छ । अर्को शब्दमा समाख्यानमा पात्र वा चरित्र भन्दा बाहिर असंलग्न रहेर र पात्रका रूपमा संलग्न रहेर समाख्याताले कार्य गरेका हुन्छन् । पात्र सम्बद्धताका आधारमा समाख्याता- असंलग्न र संलग्न गरी दुई प्रकारका हुन्छन् । यस सम्बन्धमा जेनेटले भनेका छन्- एउटा आफूले भनेको कथाभित्र अनुपस्थित हुने समाख्याता र अर्को चाहिँ आफूले भनेको कथा भित्रको एक पात्रका रूपमा आफू पनि भएको समाख्याता । यसमा पहिलो असंलग्न र दोस्रो संलग्न समाख्याताका रूपमा रहन्छ (गौतम, २०७१ : ९ बाट उद्धृत) । संलग्न समाख्यातालाई पनि आफ्नै कथा सन्दर्भ प्रस्तुत गर्ने स्वकथनात्मक र अरू वा आफूभन्दा परको कथा सन्दर्भ प्रस्तुत गर्ने परकथनात्मक समाख्याता गरी छुट्याइन्छ । यसबारे सङ्क्षिप्त चिनारी क्रमशः तल प्रस्तुत गरिएको छ ।

### असंलग्न समाख्याता

असंलग्न समाख्याता समाख्यान वा कथा संसारमा पात्रका रूपमा संलग्न नरही सर्वज्ञ द्रष्टा बनेर प्रस्तुत हुन्छ । आफ्ना बारेमा होइन अरू व्यक्ति, प्रवृत्ति, विषय सन्दर्भका बारेमा भन्ने असंलग्न समाख्याता समग्र समाख्यानको पृष्ठभूमि निर्माण, परिवेश चयनका साथै पात्रका विविध भूमिकाको प्रत्यक्ष अप्रत्यक्ष वर्णन चित्रणमा सक्रिय रहेको हुन्छ । कथाको पात्रका रूपमा नरहेको समाख्याता असंलग्न समाख्याता हो । यसमा समाख्याता पात्रका रूपमा रहेको हुँदैन ; कथा बाहिर नै बसेर उसले कथा भनेको हुन्छ । असंलग्न समाख्याता अरूका विषयमा कथा भन्दछ । सीमित वा सबै चरित्रभित्र घुस्दछ, भित्रबाट र बाहिरबाट चरित्रको वर्णन गर्दछ ; पात्रहरूमा डुल्दछ' (गौतम, २०७१ : ९) ।

असंलग्न समाख्याता समाख्यान वा कथा संसारमा एक पटकमा एउटा पात्र वा चरित्रमा केन्द्रित हुँदै क्रमशः सबै पात्र वा चरित्रका बारेमा सङ्गतिपूर्ण यथोचित चित्रण गर्न क्रियाशील हुन्छ । समाख्यानभित्रका घटना सन्दर्भलाई आधार बनाई पात्र वा चरित्रको बाहिरी पक्षका साथै आन्तरिक अनुभव, अनुभूति, आवेग, संवेग, विचार विमर्श आदिको जानकारी पनि असंलग्न समाख्याताले नै गर्दछ । समाख्यानमा असंलग्न समाख्याता प्रयोग हुँदाका अवस्थामा समाख्यातामा द्रष्टा, तटस्थ, सर्वज्ञ, संयोजनकारी, क्यामेरा प्रभावी, सम्पादकीय व्यक्तित्व आदि अभिलक्षणाहरू पाइन्छ । असंलग्न समाख्याता परिधीय अवस्थामा रहेर समाख्यान प्रस्तुत गर्दछ । सामान्यतः तृतीय पुरुष पात्रहरू प्रयोग भएका समाख्यान सामग्रहिरूमा असंलग्न समाख्याता हुन्छन् । असंलग्न समाख्याता समाख्यानमा प्रस्तुत कथा संसारमा आधारित रही कलात्मक ढङ्गले समीक्षक, विश्लेषण, विचारक, सौन्दर्य पारखी, अन्वेषक आदि प्रवृत्ति सहित लेखकको नजिक रहेर देखिन सक्तछ । असंलग्न समाख्याता प्रयोग भएका समाख्यान सामग्रीमा प्रत्यक्ष चित्रात्मक तथा विम्बात्मक शैलीको बढी प्रयोग हुन्छ ।

### संलग्न समाख्याता

संलग्न समाख्याता समाख्यान वा कथा संसारमा भोक्ता द्रष्टा पात्रका रूपमा संलग्न रही महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै प्रस्तुत हुन्छ । आफैं सहभागी भई आफ्ना बारेमा र अरूका बारेमा भन्ने संलग्न समाख्याता समाख्यान वा कथा संसारभित्रै हुन्छ । संलग्न समाख्याता समाख्यानमा पात्र वा चरित्रका रूपमा रहँदा प्रत्यक्षदर्शी साक्षी वा द्रष्टा, आफैँले अनुभूत गरेको

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 272-286**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69465**

भोक्ता, सक्रिय पात्र, सहायक पात्र, मुख्य वा प्रमुख पात्र आदिका रूपमा विभिन्न कार्य व्यापारमा सहभागी बनेको हुन्छ । समाख्यान वा कथा संसारमा संलग्न समाख्याता एउटा वर्ग, क्षेत्र, लिङ्ग, जाति, समूहको प्रतिनिधित्व गर्दै चरित्रगत कार्यमा क्रियाशील हुन्छ । संलग्न समाख्यानमा प्रथम पुरुष सर्वनामले समाख्याता 'म' समाख्याता स्वयम्लाई र भोक्ता 'म' वा 'हामी' दुबैलाई बुझाउँछ । होमोडाइजेटिक भनिने संलग्न समाख्याता त्यस्तो व्यक्ति हो जो समाख्याताका रूपमा कार्यरत छ र कार्यका तहमा एक पात्रका रूपमा पनि रहेको छ भन्ने हो (गौतम, २०७१ : ९-१०) । संलग्न समाख्याता समाख्यान वा कथा संसारमा अभिकर्ता, कर्ता, प्रेरक, भोक्ता, द्रष्टा पात्र बनेर कार्य पनि गर्दछ र कथा संसार प्रस्तुत गर्ने वक्ता वा प्रेषकको भूमिका पनि सँगसँगै खेल्दछ । समाख्यानमा प्रत्यक्ष रूपमा रही सहयात्री बनेर समाख्याता आफ्नो बारेमा र अरू पात्र वा सहभागीका बारेमा परिवेश, स्थिति, इच्छा, आकाङ्क्षा, अनुभव, अनुभूति, आवेग, संवेग, सोचविचार आदिको वर्णन गर्दछ । समाख्यानमा संलग्न समाख्याता नायक, सहनायक, सक्रिय चरित्र, द्रष्टा, बहुमुखी चयनमूलक सर्वज्ञ, चयनमूलक सर्वज्ञ, संयोजनकारी आदि व्यक्तित्व लिएर देखा पर्दछ । संलग्न समाख्याता केन्द्रीय विन्दुमा रहेर पनि समाख्यान प्रस्तुत गर्दछ । संलग्न समाख्याता प्रयोग भएका समाख्यान वा कथा संसारमा प्रथम पुरुष पात्रको प्रयोग गरिन्छ । संलग्न समाख्याता प्रत्यक्ष रूपमा पात्र वा चरित्र भएर देखिन्छ भने अप्रत्यक्ष वा नाटकीय रूपमा समाख्याताको भूमिकामा पनि व्यक्त हुन्छ । अर्को शब्दमा संलग्न समाख्याता समाख्याता र पात्रको दोहोरो भूमिका सँगसँगै खेलिरहेको हुन्छ । यो समाख्याता समाख्यानमा आत्मपरक शैलीमा आवश्यक, उचित वा सन्तुलित ढङ्गले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आफ्नो व्यक्तित्व प्रकाशन गर्दछ । संलग्न समाख्याता पनि विभिन्न प्रकारका हुन्छन् । लन्सेरले साक्षी वा द्रष्टा, कथात्मक कार्यमा सहभागी, सहायक पात्र, सहनायक र नायक गरी संलग्न समाख्याता पाँच प्रकारका हुने कुरा बताएका छन् । यस्तै, लकाँले समग्रमा संलग्न समाख्याता आफ्नो बारेमा भन्ने स्वकथनात्मक र अरूका बारेमा भन्ने परकथनात्मक गरी दुई प्रकारका हुने मत व्यक्त गरेका छन् (गौतम, २०७१ : १० बाट उद्धृत) । यहाँ लकाँको मतलाई आधार मानी संलगन समाख्याताका दुई प्रकार- स्वकथनात्मक र परकथनात्मक बारे छोटकरीमा चिनारी प्रस्तुत गरिएको छ ।

**स्वकथनात्मक समाख्याता**

स्वकथनात्मक समाख्याता समाख्यानमा आफ्ना बारेमा जानकारी गराउँछ । समाख्यानको मुख्य विषय सन्दर्भ वा घटनाक्रम पनि आफैँसँग केन्द्रित गरी आफैँ पात्र वा चरित्रका रूपमा कार्यव्यापार गरी प्रस्तुत हुने समाख्याता स्वकथनात्मक समाख्याता हो । समाख्यानमा यस्तो समाख्याता भोक्ता वा अनुभव केन्द्री हुन्छ । आफूलाई विशेष रूपमा नायकत्व प्रदान गर्दै प्रस्तुत गर्दछ । कथा सन्दर्भमा आउने विभिन्न आवेग, संवेग, दुःख, सुख, समर्थन, विरोध, अनुभव, अनुभूति आदि पक्षहरूलाई आफ्नै मनोजगत्बाट बोध गरी व्यक्त गर्दछ । यात्रा साहित्य, नियात्रा, मनोवाद, दैनिकी, जीवनी, आत्मवृत्तान्त आदि विधामा स्वकथनात्मक समाख्याता स्पष्ट देख्न सकिन्छ । कथात्मक घटना क्रमले बनेका साहित्यिक र गैर साहित्यिक सबै समाख्यानमा जब समाख्याता पात्रका रूपमा आफैँ सहभागी भई आफ्नै बारेमा भनाइ/कथन वा अभिव्यक्ति दिन्छ तब त्यो समाख्याता पात्र सम्बद्धताका आधारमा संलग्न स्वकथनात्मक समाख्याता हुन्छ । पात्रका रूपमा आफ्नो कथा आफैँ भन्ने समाख्याता संलग्न स्वकथनात्मक समाख्याता हो । समाख्यानमा 'म' वा 'हामी' नायकका रूपमा रहने समाख्याता द्रष्टा वा साक्षीका रूपमा मात्र नरही कार्यका तहमा भोक्ता म/हामीका रूपमा रहन्छ । समाख्यानमा मलाई यस्तो भयो ; मलाई लाग्यो ; मैले यस्तो अनुभव गरें ; जस्ता अनुभूतिबोधक क्रियात्मक वाक्यहरूको प्रयोग हुन्छ (गौतम, २०७१ : १०) । यस प्रकारको समाख्याताले सम्बन्धित श्रोता, दर्शक, पाठक तथा सहभागीहरूलाई आत्मकेन्द्री बनी आफ्नै कुरा सुनाउँछ । आफ्नै मनोदशाका विविध स्वरूपहरूबारे जानकारी गराउँछ । आफ्नै ठम्याइ, सङ्घर्ष, भौतिक अवस्था, शारीरिक तथा मानसिक अवस्था व्यक्त गर्दछ । आफ्नै रुचि, विचार तथा गन्तव्य प्रस्तुत गर्दछ ।

**परकथनात्मक समाख्याता**

परकथनात्मक समाख्याता समाख्यानमा अरूका बारेमा जानकारी गराउँछ । समाख्यानमा 'म'/'हामी' प्रथम पुरुष पात्रका रूपमा सहभागी भए पनि मूल विषय वा कथा सन्दर्भमा आफूलाई केन्द्रित नगर्ने समाख्याता पात्र समबद्धताका आधारमा संलग्न अन्तर्गतको परकथनात्मक समाख्याता हो । यस्तो समाख्याता पात्रका रूपमा समाख्यान तथा कथा संसारभित्र हुन्छ तर केन्द्रीय भूमिकामा हुँदैन । घटना सन्दर्भको द्रष्टा वा साक्षी मात्रै बनेर पेस हुने परकथनात्मक समाख्याता 'म' पात्रका

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 272-286**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69465**

रूपमा माध्यम मात्रै बनेको हुन्छ । अरू कसैको कथा सन्दर्भ सुनाउने, आफ्नो कथा नभन्ने समाख्याताका रूपमा आएको ‘म’ पात्र समाख्यानमा नायक नभई अरू नै पात्र नायक वा केन्द्रीय विषय बन्दछ । समाख्यानमा यस्तो समाख्याता द्रष्टाका रूपमा रहन्छ । आफूलाई सहायक पात्रका रूपमा मात्रै देखाउँछ । अरूकै बारेमा वर्णन गर्ने ‘म’ पात्र नै समाख्याता बनेर आउँछ तर समाख्यानको नायक तथा केन्द्रीय विषय ‘म’ हुँदैन । प्रथम पुरुष सर्वनामका रूपमा रहने परकथनात्मक समाख्यातामा मैले देखें, मैले सुनें, मलाई कसैले भन्यो जस्ता सूचनाहरू रहेका हुन्छन् । यस्ता समाख्यानमा समाख्याता ‘म’ घटनाको द्रष्टा वा साक्षीका रूपमा रहेको हुन्छ । समाख्याताले अरूको कथा भनेको हुन्छ । यस प्रकृतिका कथामा समाख्याता ‘म’ पात्र नायक नभई कथाभित्रको कुनै पात्र नायकका रूपमा रहेको हुन्छ (गौतम, २०७१ : १२) । यस्तो समाख्याता द्रष्टा, क्यामेरा प्रभावी, संयोजनकारी, तटस्थ, सम्पादकीय सर्वज्ञ आदि व्यक्तित्वका साथ आत्मकेन्द्री नभई आफूभन्दा बाहिरी समाख्यानमा प्रस्तुत विषयवस्तु, पात्र, घटना सन्दर्भ आदिमा केन्द्रित हुन्छ । यस्तो समाख्याताले प्रायः वस्तुपरकतामा आधारित वर्णनात्मक विवरणात्मक शैली अँगाल्दछ ।

## निष्कर्ष

कथात्मक घटना शृङ्खलाहरूको समष्टि रूप कथात्मक विमर्श नै समाख्यान हो । यो साहित्यिक गैर साहित्यिक दुबै हुन्छ । एकभन्दा बढी घटना सन्दर्भको कार्यकारण सम्बन्ध सहित कथात्मक विमर्श आउने समाख्यान अन्तर्गत लघुकथा, कथा, उपन्यास, खण्डकाव्य आदि साहित्यिक विधाका साथै संवाद, मनोवाद, फिलिन, प्रहसन, लोक विमर्श आदि गैरसाहित्यिक पक्षहरू पनि पर्दछन् । समाख्यानले साहित्यमा प्रयोग हुने आख्यानकै विकसित तथा फराकिलो अवस्थालाई बुझाउँछ । कथात्मकतायुक्त कथ्य, लेख्य र दृश्य सामग्रहिरू समाख्यानका स्वरूपगत पक्षहरू हुन् ।

आधुनिक भाषा विज्ञान, रूपपरक समालोचना, उत्तर संरचनावाद, आख्यान विश्लेषण, सङ्कथन विश्लेषणहरूको पृष्ठभूमिमा भ्लादिमिर प्रोप, रोलाँ बार्थ, ग्रिमासहरूको विश्लेषण पद्धतिलाई समेत आधार बनाई सन् १९६० पछि समाख्यानको विश्लेषण गर्ने मौलिक सिद्धान्त नै समाखयनशास्त्र हो । समाख्यान शास्त्रमा समाख्यानलाई केन्द्र मानी यसका संरचक घटक तथा यससँग सम्बद्ध पक्षहरूबारे अध्ययन विश्लेषण हुन्छ । यस अन्तर्गत समाख्यान, समाख्याता, परिवेश, सहभागी (चरित्र), वाच्यत्व आदि पर्दछन् । कथात्मकता युक्त, आख्यान तत्त्व प्रबल भएका सबै सन्दर्भहरूको विश्लेषण गर्ने आख्यानात्मक संरचना सिद्धान्त समाख्यानशास्त्रले समाख्यान र समाख्यानसँग सम्बन्धित विषय सन्दर्भका बारेमा अध्ययन विश्लेषण गर्ने सैद्धान्तिक आधार प्रदान गर्दछ । अतः यो समाख्यान विश्लेषणमा केन्द्रित ज्ञान शास्त्र हो ।

समाख्यान प्रस्तुत गर्ने वक्ता सम्प्रेषक नै समाख्याता हो । सम्बोधक कथयिताको भूमिकामा आउने समाख्याता संवाहक अभिकर्ता हो । समाख्याताले समाख्यानमा पृष्ठभूमि निर्माण गर्ने, पूर्व पश्च सन्दर्भबारे सङ्केत गर्ने, कथानकीय ढाँचा मिलाउने, विषय व्यवस्थापन गर्ने, परिवेश तयार गर्दै सहभागी (चरित्र)लाई जीवन्तता प्रदान गर्ने आदि कार्य गर्दछ । वाचक व्यक्तित्वका रूपमा देखिने समाख्याताले समाख्यान संसारमा भित्रै रहेर वा बाहिरै बसेर समाख्यान प्रस्तुत गरेको हुन्छ । समाख्यानमा सर्वज्ञाता, सर्वव्यापी, सर्वद्रष्टा समाख्याताले सहभागी वा चरित्रहरूलाई उपस्थापन र विकास गर्दै परिचालन गरेको हुन्छ । मनोवाद, विज्ञापनमा जसरी नै समाख्याताले लक्षित आम पाठक, श्रोता, दर्शकहरूलाई समाख्यानात्मक सन्दर्भ सम्प्रेषण गरेको हुन्छ । समाख्याताले परिवेश निर्माण र चरित्रको प्रत्यक्ष अप्रत्यक्ष चित्रण गर्दै उसको अवस्था, हैसियत, क्षमता आदिबारे निश्चित गरी जानकारी दिन्छ । लेखक, निरूपित लेखक र समाख्यातालाई समाख्यानशास्त्र अलग अलग पक्ष मान्दछ । लेखन पेसा लेखक, एउटा कृतिमा प्रस्तुत निर्मित लेखकीय व्यक्तित्व निरूपित लेखक र समाख्यान भित्र निरूपित लेखकले समाख्यान भन्न, व्यवस्था गर्न तयार गरिएको वक्ता वा प्रस्तुत कर्ता नै समाख्याता हो । एउटा वर्ग, क्षेत्र, लिङ्ग, समूहको लेखक समाख्यानमा निरूपित लेखक हुँदै समाख्याताका रूपमा अर्कै वर्ग, क्षेत्र, लिङ्ग, समूहको बनेर पेस हुन सक्तछ । नियात्रा, संस्मरण, मनोवाद, जीवनी आदि क्षेत्रका समाख्यानमा लेखक र निरूपित लेखक र समाख्याता निकट चाहिँ हुन्छन् ।अतः समाख्याता समाख्यान व्यवस्थित ढङ्गले प्रस्तुत गर्ने संवाहक अभिकर्ता हो ।

समाख्यानमा प्रस्तुत शैलीगत केन्द्रीयताका आधारमा समाख्याता आत्मकेन्द्री, वस्तुकेन्द्री, हास्यव्यङ्ग्यकेन्द्री, चरित्रकेन्द्री, घटनाकेन्द्री आदि हुन्छन् । लेखकीय उपस्थितिका आधारमा समाख्याता सोझै प्रस्तुत हुने सामान्य र कलात्मक वा नाटकीय रूपमा प्रस्तुत हुने विशिष्ट हुन्छन् । लेखककै वर्ग, क्षेत्र, लिङ्ग, समूह बुझाउने समाख्याता सामान्य हुन्छ र लेखकको भन्दा

**Vol. 5, No. 2, July 2024. Pages: 272-286**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69465**

फरक रूपमा प्रस्तुत हुने समाख्याता विशिष्ट हुन्छ । समाख्यानमा व्यक्त विषयवस्तु वा रुचि क्षेत्र, वैचारिक झुकावका आधारमा पनि समाख्याताको अध्ययन वर्गीकरण हुन सक्छ ।

समाख्यानशास्त्रमा मूलतः समाख्यानमा समाख्याताको भूमिका, स्वप्रस्तुति, विश्वसनीयता, कथा सम्बद्धता र पात्र सम्बद्धताका आधारमा प्रकार निर्धारण गरी अध्ययन विश्लेषण गरिएको छ । भूमिकाका आधारमा समाख्याता सम्पादकीय सर्वज्ञ, तटस्थ सर्वज्ञ, नायकका रूपमा रहने, संयोजनकारी आदि हुन्छन् । स्वप्रस्तुतिका आधारमा समाख्याता आफ्नो कुरा भन्ने खुला र आफ्नो कुरा नभन्ने बन्द हुन्छन् । खुला समाख्याता आफ्ना बारेमा निसङ्कोच सूचना दिँदै खुलस्त पेस हुन्छ । बन्द समाख्याताले सतर्क भएर आफूलाई केन्द्र नबनाई सङ्कुचित रूपमा पेस गर्दछ । विश्वसनीयताका आधारमा समाख्याता अविश्वसनीय र विश्वसनीय हुन्छन् । भरोसा योग्य, इमानदार, निरूपित लेखकको मूल्य मान्यतामा आधारित भई कार्य गर्ने समाख्याता विश्वसनीय हुन्छ । यस्तै छली भरोसा गर्न नसकिने, प्रशस्तै त्रुटि गर्ने समाख्याता अविश्वसनीय हुन्छ ।

कथा सम्बद्धताको आधारमा समाख्याता बहिर्निष्ठ र अन्तर्निष्ठ हुन्छन् । बहिर्निष्ठ समाख्याताले समाख्यानको सबैभन्दा माथि बाहिरी घेरामा बसेर समाख्यान प्रस्तुत गर्दछ । समाख्यानको उठान, विकास तथा विस्तार गर्दै समापन गर्ने समाख्याता नै बहिर्निष्ठ समाख्याता हो । समाख्यानभन्दा बाहिरै रहेर वक्ता भूमिका निर्वाह गर्ने पहिलो तहको कथा संसारका साथै अरू कथा संसारलाई सङ्गतिपूर्ण रूपमा संयोजन गर्ने समाख्याता नै बहिर्निष्ठ समाख्याता हो । अन्तर्निष्ठ समाख्याताले समाख्यान भित्रै रहेर कार्यात्मक भूमिका सहित चरित्रको कार्य गर्दछ । दोस्रो तेस्रो तहका कथा संसारका वक्ताका रूपमा अन्तर्निष्ठ समाख्याता आएको हुन्छ । यो कथा भित्रको कथा भन्ने समाख्याता हो । अरूबाट स्थापित, सहायक भूमिकामा रहने बहिर्निष्ठ समाख्याताको निर्देशन नियन्त्रण र व्यवस्थापनमा रहने अन्तर्निष्ठ समाख्याता कथा संसारको कुनै एक घटना सन्दर्भमा सीमित हुन्छ ।

पात्र सम्बद्धताका आधारमा समाख्याता असंलग्न र संलग्न हुन्छन् । समाख्यानमा पात्रका रूपमा संलगन नहुने समाख्याता असंलग्न समाख्याता हो । यस्तै पात्रका रूपमा उपस्थित रहने समाख्याता संलग्न समाख्याता हो । असंलग्न समाख्याता समाख्यानमा पात्रका रूपमा नरही सर्वज्ञ द्रष्टा बनेर समाख्यानको पृष्ठभूमि तथा परिवेश निर्माण, चरित्र चित्रण, कथानकीय ढाँचा निर्माणमा सक्रिय रहन्छ । परिधि र केन्द्र रहने, पालैपालो सबै चरित्रमा केन्द्रित हुने, द्रष्टा, तटस्थ, सर्वज्ञ, संयोजनकारी, सम्पादकीय व्यक्तित्वका रूपमा पेस हुने असंलग्न समाख्याता नाटकीय वा कलात्मक ढङ्गले समाख्यानमा प्रस्तुत हुन्छ । असंलग्न समाख्याता भएको समाख्यानमा तृतीय पुरुषको प्रयोग र विम्बात्मक शैलीको ज्यादा प्रयोग हुन्छ । संलग्न समाख्याताले आफै सहभागी भई आफू र अरूका बारेमा भोक्ता द्रष्टाका रूपमा भूमिका निर्वाह गरेको हुन्छ । प्रत्यक्षदर्शी द्रष्टाका रूपमा र भोक्ता, सक्रिय पात्र, सहायक तथा प्रमुख पात्रका रूपमा समाख्यानमा विभिन्न कार्य व्यापार गरेको हुन्छ । संलग्न समाख्याता एउटा वर्ग, क्षेत्र, लिङ्ग, समूहको प्रतिनिधित्व सहित सक्रिय रहेको हुन्छ । यस्तो समाख्याताले अभिकर्ता, कर्ता, भोक्ता, द्रष्टा पात्रका साथै वक्ताको भूमिका पनि खेलेको हुन्छ । नायक, सहनायक, द्रष्टा, बहुमुखी, चयनमूलक सर्वज्ञ, संयोजनकारी आदि भूमिका खेल्ने संलग्न समाख्याता पात्र र वक्ता/प्रेषक दुबै रूपमा पेस हुन्छ । संलग्न समाख्याता पनि आफ्नो बारेमा भन्ने स्वकथनात्मक र अरूका बारेमा भन्ने फरक कथनात्मक हुन्छन् । सहभागीहरूलाई आत्मकेन्द्री बनी नायकत्व सहित आफ्नै मनोदशा जानकारी गराउने आफ्नै रुचि, विचार, अनुभव अनुभूति प्रस्तुत गर्ने समाख्याता स्वकथनात्मक संलग्न समाख्याता हो । संलग्न पात्रका रूपमा रहे पनि आफूलाई केन्द्र नबनाई अरूलाई नै केन्द्र बनाउने सहभागीका रूपमा आउने श्रोता, पाठक, दर्शक तथा अन्य पक्षहरूलाई अरूकै बारेमा जानकारी गराउने समाख्याता नै परकथनात्मक संलग्न समाख्याता हो । यस प्रकारको समाख्याता म/हामी प्रथम पुरुष पात्रका रूपमा समाख्यानमा रहे पनि केन्द्रीय भूमिकामा नभई घटना सन्दर्भको द्रष्टा साक्षी पात्रका रूपमा माध्यम मात्रै हुन्छ । आफ्नो होइन अरूको कथा सन्दर्भ सुनाउने अरूलाई नै नायक वा केन्द्रीय विषय बनाउने परकथनात्मक संलग्न समाख्याताले द्रष्टा, क्यामेरा प्रभावी, संयोजनकारी, तटस्थ, सम्पादकीय सर्वज्ञ आदि भूमिकामा रहेर अरूको वा बाहिरी विषयक घटना सन्दर्भलाई वस्तुपरक वर्णनात्मक शैलीमा पेस गरेको हुन्छ ।

समाख्यानशास्त्र नेपाली भाषा साहित्यमा महत्त्वपूर्ण नयाँ विषय क्षेत्र नै हो । यस विषयमा विद्वान्हरू देवीप्रसाद गौतम र अरू केही लेखक तथा अध्येताहरू क्रियाशील रही प्रारम्भिक कार्य गरे पनि विस्तारमा अपेक्षित कार्य हुन सकिरहेको छैन । यस सम्बन्धी आधार सामग्रीको अभाव खड्किएकै छ । समाख्यानशास्त्रमा बहुआयामिक कोणबाट दर्जनौं शोधकार्य गर्न

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 5, No. 2, July 2024. Pages: 272-286**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v5i2.69465**

आवश्यक हुन्छ । व्यक्तिगत र संस्थागत प्रयासमा यस सम्बन्धी कोश निर्माण, गौरव ग्रन्थहरूको अनुवाद, कार्यशाला गोष्ठी, कार्यपत्र, अध्ययन पत्रहरू नेपाली भाषामै तयार गर्नुपर्ने देखिन्छ । समाख्यातालाई नै केन्द्र बनाएर गम्भीर अनुसन्धान आवश्यक हुन्छ ।

## सन्दर्भ ग्रन्थ सूची

एटम, नेत्र (२०७४), **सङ्क्षिप्त साहित्यिक शब्दकोश,** काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, देवीप्रसाद (२०७४), “आख्यानमा समाख्याता”, **वाङ्मय** (वर्ष १५, पूर्णाङ्क १५, २०७१, पृ. १-१७ ।

........................ (२०७४), “समाख्यान परिचय” (अप्रकाशित टिपोट सामग्री र भेटवार्ता २०७६ मङ्सिर), काठमाडौँ ।

ढकाल, दीपक प्रसाद (२०७०), **समाख्यानशास्त्र : सिद्धान्त र प्रयोग,** काठमाडौँ : ओरिएन्टल प्रकाशन गृह ।

बराल, कृष्णहरि र एटम नेत्र (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (दो.सं., काठमाडौँ : साझा प्रकाशन ।

बुढाथोकी, सर्मिला (२०७४), **गोविन्दबहादुर मल्ल गोठालेका कथामा समाख्याता र वाच्यत्व** (अप्रकाशित दर्शनाचार्य शोध प्रबन्ध), काठमाडौँ : त्रि.वि. ।

शर्मा, मोहनराज (२०५५), **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, कृष्ण कुमारी (२०७४), **एउटा बुढो भ्वाइलेन : आशावारीको धुनमा कथा सङ्ग्रहका कथामा समाख्याता** (अप्रकाशित दर्शनाचार्य शोध प्रबन्ध), काठमाडौँ : त्रि.वि. ।